नेपाल सरकार

गृह मन्त्रालय

# श्री सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा कार्यालय

(प्रबन्ध शाखा)

मझगाँउ कञ्चनपुर

## पुराना सवारी साधनहरुको लिलाम बिक्री सम्बन्धी सिल्बन्दी बोलपत्र आह्वानको सुचना

**प्रथम पटक प्रकाशित मिति २०७५/०४/०६ गते ।**

श्री सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा कार्यालय कञ्चनपुरमा रहेका तपसिल बमोजिमका विभिन्न पुराना सवारी साधनहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकाले लिलाम सकार गर्न ईच्छुक व्यक्ति,फर्म संस्था वा कम्पनीहरुबाट रितपुर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

| सि.नं. | सवारी दर्ता नं. | गाडी उत्पादकको नाम र मोडल | संख्या | मोडल वा उत्पादन बर्ष | न्युनतम मुल्य रु मु.अ.कर बाहेक | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | बा १ ग १५३२ | २.५ ट्रक १२/१२ | १थान | २००२ | १,७५,०००/- (एक लाख पचहत्तर हजार) | १,०००/- (एक हजार) | नामसारी हुने |
| २ | बा १ झ ६३५२ | टाटा मोबाईल | १थान | २००१ | ८१,०००/- (एकासी हजार) | ३००।- (तिन सय) | नामसारी हुने |

बोलपत्र फाराम सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा कार्यालय कञ्चनपुरबाट प्रथम पटक सुचना प्रकाशित भएको मितिले २१(एक्काईस) औ दिन (२०७५/०४/२७ गते) को कार्यालय समय भित्र प्रत्येक सि.नं. को छुट्टाछुट्टै माथी उल्लेखित बोलपत्र फाराम तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ । बोलपत्र दाताले कुल कबोल अंकको १०% ले हुने रकममा नघटाई कोष तथा लेखा नियन्त्रण कार्यालय, कञ्चनपुरको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय महेन्द्रनगरको धरौटी खाता नम्बर ४१८०२०३०००००० र यस कार्यालयको कोड नम्बर ७५-३१४-१७ मा नगदै दाखिला गरी सो को सक्कलै भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ । सिलबन्दी बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले २२ औं दिनको १२:०० बजे भित्र जिल्ला प्रशासन कार्यालय र यस कार्यालयमा दाखिला गरी सक्नु पर्ने छ,दाखिला भएका बोलपत्र फारामहरु सोही दिनको १४:०० बजे यस कार्यालयमा खोलिने छ । उल्लेखित सवारी साधनहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयमा आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं. ०९९-५२११०१ मा सम्पर्क राख्न सकिने छ । स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृतिको जानकारी पाएको ०७ (सात) दिनभित्र आफुले कबोल गरेको सम्पूर्ण रकम र १३% (तेह) प्रतिशत मु.अ. कर यस कार्यालयमा दाखिला गरी उक्त सवारी साधनहरु उठाई लैजानु पर्नेछ । सो नगरेमा बोलपत्र जमानत रकम जफत गरिनेछ । अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । यस सम्बन्धि सूचना सशस्त्र प्रहरी बलको Web Site www.apf.gov.np मा समेत राखिएको छ ।

## बोलपत्रका शर्तहरु

१. बोलपत्र खरिद गर्न ईच्छुक बोलपत्रदाताले प्रथम पटक सुचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र बोलपत्र फाराम दस्तुर रु.१०००(एक हजार मात्र)(२.५ ट्रकको) र रु३००(तिन सय मात्र) (टाटामोबाईलको) फिर्ता नहुने गरी नगदै तिरी यस कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिने छ ।

२. सिलबन्दी बोलपत्र दाखिला गर्न ईच्छुक बोलपत्रदाताहरुले प्रथम पटक सुचना प्रकाशित भएको मितिले २१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा बोलपत्र फाराम दाखिला गर्नु पर्नेछ ।

३. श्री जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले तोकेको प्रतिनिधि, ईच्छुक बोलपत्रदाता तथा निजका प्रतिनिधीहरुको रोहवरमा नियमानुसार दर्ता भएका सिलबन्दी बोलपत्रहरु मुल्याङ्कन समिती समक्ष प्रथम पटक सुचना प्रकाशित भएको मितिले २२ औं दिनको १४:०० बजे सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा कार्यालय कञ्चनपुरमा खोलिने छ ।बोलपत्र दाता वा निजको प्रतिनिधीहरु उपस्थिती नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । फाराम बिक्री, दाखिला र खोलिने दिन कारण वस सार्वजनिक बिदा परेमा बिदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।

४. तोकिएको मिति र समय भन्दा पछी प्राप्त हुन आउने कुनै पनि बोलपत्रलाई ढिलो गरी प्राप्त बोलपत्र घोषणा गरी त्यस्तो बोलपत्र अस्वीकार गरी नखोली बोलपत्रदातालाई फिर्ता पठाईनेछ।

५. <u>बोलपत्र संसोधन र फिर्ता:-</u>

(क) बोलपत्र दाखिला पश्चात बोलपत्रदाताले बोलपत्रमा संशोधन गर्न वा फिर्ता लिन सक्नेछ, तर बोलपत्र दाखिला गर्न तोकिएको अन्तिम मिति र समय भन्दा अगावै संशोधन वा फिर्ता लिन लिखित अनुरोध गर्नु पर्नेछ ।

(ख) बोलपत्रदाताको संशोधन वा फिर्ताको सुचना तयार पारी, संकेत गरी चलानी गरिएको हुनुपर्छ र भित्री र बाहिरी खाममा रीतपुर्वक "फिर्ता" वा "संशोधन" भनी उल्लेख गर्नु पर्नेछ ।

(ग) बोलपत्र दाखिला गर्ने म्याद समाप्त भए पश्चात संशोधन वा फिर्ता लिन पाईने छैन ।

६. बोलपत्र जमानत:-

(क) बोलपत्र साथ आफुले कबोल गरेको कुल रकमको १०%(दश) प्रतिशतले हुन आउने धरौटी रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, कञ्चनपुरको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, महेन्द्रनगर कञ्चनपुरमा रहेको धरौटी खाता नं. ४१८०२०३०००००० र यस कार्यालयको कोड नं. ७५-३१४-१७ मा आफ्नै /फर्मको नाम बाट रकम जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।

(ख) जमानत नभएको बोलपत्रलाई अप्रभावग्राही भएको कारण जनाई अस्वीकृत गरिने छ ।

(ग) सफल बोलपत्रदाताले कुल बुझाउनु पर्ने रकम यस कार्यालयमा दाखिला गरे पश्चात अन्य बोलपत्रदाताहरुले बोलपत्र फिर्ता गरिनेछ ।

७. लिलाम बिक्री गरिने २.५ ट्रकको नियमानुसार लाग्ने करहरु बाहेक प्रति थान रु१,७५,०००।-(एक लाख पचहत्तर हजार मात्र) र टाटा मोबाईलको नियमानुसार लाग्ने करहरु बाहेक प्रति थान रु८१,०००।-(एकासी हजार मात्र) न्युनतम मुल्य कायम गरिएको छ ।

८. लिलाम बिक्रीको लागी राखिएको २.५ ट्रक र टाटा मोबाईल गाडि हेर्न ईच्छुक बोलपत्रदाताहरुले कार्यालय समय भित्र सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा कार्यालय कञ्चनपुरमा सम्पर्क राखी हेर्न सक्नेछ ।

९. बोलपत्र फाराममा कबोल अंक रकम (मु.अ.कर बाहेक) उल्लेख गर्दा अंक र अक्षरमा प्रष्ट रुपमा भर्नु पर्ने छ।उल्लेखित अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईने छ ।

१०. बोलपत्र मुल्य कबोल गर्दा न्युनतम मुल्यमा नघटाई पेश गर्नुपर्नेछ र न्यूनतम मुल्य भन्दा माथी रितपुर्वक दर्ता भएका बोलपत्र मध्ये सबैभन्दा बढी मुल्य कबोल गर्ने व्यक्ती, फर्म, संस्था वा कम्पनीको बोलपत्र स्वीकृत गरिने छ।स्वीकृत गरिएको जानकारी पत्र सम्बन्धीत सकारकर्तालाई दिईएको ७ दिन भित्र कबोल रकम र १३%(तेह्र प्रतिशत) मु.अ.कर यस कार्यालयमा दाखिला गरि सवारी साधनहरु उठाई लैजानु पर्नेछ।अन्यथा बोलपत्र रद्द गरी धरौटी जफत गरिनेछ ।

११. सो सवारी साधनहरु लिलाम सकारकर्ताको नाममा दर्ता नामसारी लगायतका कार्य गर्दा लाग्ने सम्पुर्ण खर्चहरु सकारकर्ताकोले नै व्यहोर्नु पर्नेछ ।

१२. लिलाम सकारकर्ताले नियमानुसार राखेको बोलपत्र जमानत उक्त सवारी साधनहरु उठाई लगे पश्चात मात्र फुकुवा गरिनेछ ।

१३. खरिद गर्न ईच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म संस्था वा कम्पनीहरुको हकमा भ्याट तथा कर क्लियरेन्सको नविकरण सहितको इजाजतप्रमाणपत्रको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१४. लिलाम गरिने सवारी साधनहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा नै सकार गर्नु पर्नेछ ।

१५. सवारी साधनहरु लिलाम बिक्री भएपछि नामसारी दर्ता सम्बन्धमा नेपाल सरकारको निति अनुसार हुनेछ ।

१६. लिलाम सकार गरेपछि सवारी साधनहरु दर्ता गर्ने जिम्मेवारी सकारकर्ताको नै हुनेछ ।

१७. प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१८. यस बोलपत्रमा उल्लेख भए बाहेक अन्य कुराहरु प्रचलित ऐन नियमानुसार हुनेछ ।